काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २३६ ❐ सोमवार, २५ जेठ, २०८३ ❐ Monday, 8 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

सरकारमाथि निगरानी गर्दै कांग्रेस

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २४ जेठ

सरकारका कामकारबाहीमाथि प्रभावकारी निगरानी बढाउने तथा संसद्मा आफ्नो भूमिकालाई थप सशक्त बनाउने उद्देश्यसहित नेपाली कांग्रेसले जिम्मेवारी तोकेका विभागीय मन्त्रालयगत संयोजकहरूको बैठक आइतबार बसेको छ। संसदीय दलका नेता भीष्मराज आङ्देम्बेको अध्यक्षतामा बसेको बैठकमा विभिन्न मन्त्रालयगत संयोजकको जिम्मेवारी पाएका सांसदहरूले सरकारका गतिविधि, मन्त्रालयहरूको कार्यसम्पादन तथा जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूबारे धारणा राखेका थिए। बैठकमा मन्त्रिपरिषद्को निर्णय तथा सरकारका कामकारबाहीको नियमित निगरानी गर्ने, मन्त्रालयगत गतिविधिको अध्ययन र विश्लेषण गर्ने तथा संसद्मा प्रभावकारी ढङ्गले विषय उठाउने विषयमा छलफल भएको थियो।

साथै राष्ट्रिय महत्वका मुद्दामा पार्टीको धारणा निर्माण गर्न सुझाव दिने, जनताका गुनासा तथा समस्यालाई सम्बन्धित निकायसम्म पुऱ्याउने र सरकारलाई जवाफदेही बनाउन सक्रिय भूमिका खेल्ने निर्णय पनि भएको छ । यसबाहेक बैठकले मन्त्रालयगत जिम्मेवारी पाएका संयोजकहरूको बैठक प्रत्येक महिना कम्तीमा एक पटक अनिवार्य रूपमा बस्ने निर्णय गरेको छ। आवश्यकता र परिस्थितिअनुसार जुनसुकै समयमा पनि बैठक बोलाउन सकिने जनाएको छ।

सधैं जनशक्ति अभावकै मारमा प्रदेश अस्पताल

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २४ जेठ

कर्णाली प्रदेशकै सबैभन्दा ठूलो सरकारी स्वास्थ्य संस्था प्रदेश अस्पताल सुर्खेतले पछिल्ला वर्षहरूमा सेवा, पूर्वाधार र उपकरण विस्तारमा उल्लेखनीय फड्को मारेको छ। तर जनशक्ति अभाव भने अस्पतालको सबैभन्दा ठूलो चुनौतीका रूपमा देखिएको छ। प्रदेश सरकारले ५०० शैयासम्म सेवा सञ्चालन गर्न सक्ने भौतिक संरचना निर्माण गरे पनि आवश्यक चिकित्सक, नर्स तथा प्राविधिक कर्मचारी नहुँदा अस्पताल अझै ३०० शैयामै सीमित हुन बाध्य भएको छ। जनशक्ति अभावका कारण अस्पतालमा जडान गरिएका करोडौं रुपैयाँ मूल्यका अत्याधुनिक उपकरणसमेत पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अस्पताल प्रशासनले जनाएको छ।

अस्पतालमा शुक्रबार आयोजित पत्रकार अन्तरक्रिया कार्यक्रममा पत्रकार सम्मेलनमा प्रशासन प्रमुख तथा सूचना अधिकारी अनिता ज्ञवालीले अस्पतालको वर्तमान अवस्था, सेवा विस्तार तथा चुनौतीबारे जानकारी दिँदै भौतिक पूर्वाधार विस्तार भए पनि त्यसअनुसारको जनशक्ति व्यवस्थापन हुन नसक्दा अस्पतालले अपेक्षित सेवा दिन नसकेको बताइन्।

उनले भनिन्, 'अहिले अस्पताल ३०० शैयाबाट सञ्चालन भइरहेको छ। ५०० शैयाको भवन निर्माण लगभग सम्पन्न भइसकेको छ। तर आवश्यक जनशक्ति नहुँदा नयाँ संरचना सञ्चालन गर्ने अवस्था छैन। बिरामीको चाप प्रत्येक वर्ष बढिरहेको छ। करोडौंका उपकरण अस्पतालमा छन्, तर सञ्चालन गर्ने जनशक्ति



अभावमा केही उपकरण पूर्ण रूपमा प्रयोग गर्न सकिएको छैन। जनशक्ति नहुँदा सेवा विस्तार मात्र होइन, भइरहेका सेवालाई पनि निरन्तरता दिन चुनौती भइरहेको छ।'

उनका अनुसार प्रदेश अस्पताल कर्णालीका १० जिल्लासहित सुदूरपश्चिम, लुम्बिनी प्रदेशका केही जिल्ला तथा भारतका सीमावर्ती क्षेत्रबाट आउने बिरामीको समेत प्रमुख उपचार केन्द्र बनेको छ। जटिल प्रकृतिका शल्यक्रिया, न्युरोसर्जरी, डायलाइसिस, आईसीयू, एनआईसीयू, प्रसूति तथा स्त्रीरोग, मानसिक स्वास्थ्य, फिस्टुला उपचार लगायतका विशेषज्ञ सेवा उपलब्ध भएकाले बिरामीको संख्या वर्षेनी बढिरहेको छ।

भौतिक संरचना विस्तारको तुलनामा जनशक्ति व्यवस्थापन हुन नसक्नु सबैभन्दा ठूलो समस्या बनेको बताइन्। अस्पतालमा सरकारबाट स्वीकृत १५० शैयाका लागि ३२५ जनाको दरबन्दी छ। तर तीमध्ये २०१ जना मात्र स्थायी पदमा कार्यरत छन्। ४६ जना दरबन्दी करार, ६६ जना अस्पताल विकास समिति अन्तर्गत र २४४ जना अन्य विभिन्न स्रोतबाट करारमा राखिएका कर्मचारीसहित हाल ५५७ जना जनशक्ति कार्यरत छन्। तर विशेषज्ञ चिकित्सक, नर्सिङ तथा प्राविधिक जनशक्तिका पद अझै रिक्त छन्।

अस्पतालमा १४ जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहे पनि स्थायी रूपमा एक जना मात्रै कार्यरत छन्। वरिष्ठ तथा कनिष्ठ विशेषज्ञ चिकित्सकका ३७ दरबन्दीमध्ये पनि धेरै पद रिक्त छन्। अस्पतालले संघबाट काजमा आएका चिकित्सक तथा करार जनशक्तिको भरमा सेवा सञ्चालन गरिरहेको छ। तर काजमा आएका चिकित्सक फिर्ता हुने क्रम बढे विशेषज्ञ सेवा नै प्रभावित हुन सक्ने प्रशासन प्रमुख ज्ञवालीको भनाइ छ।

उनका अनुसार अस्पतालमा हाल मेडिसिन, शल्यक्रिया, प्रसूति तथा स्त्रीरोग, न्युरोसर्जरी, अर्थोपेडिक, बालरोग, मानसिक स्वास्थ्य, आँखा, दन्त, नाक-कान-घाँटी, कार्डियोलोजी, डायलाइसिस, फिजियोथेरापी, आईसीयू, एनआईसीयू, पिकु, न्युरो आईसीयू, फिस्टुला सेवा, एआरटी तथा ओसीएमसी लगायतका सेवा सञ्चालन भइरहेका छन्।

अस्पतालको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/८० मा १ लाख ९१ हजार ९६६ जनाले ओपीडी सेवा लिएका थिए। यो संख्या २०८०/८१ मा बढेर २ लाख ८ हजार ११४ पुगेको थियो भने २०८१/८२ मा २ लाख १२ हजार ७८ पुगेको थियो। चालु आर्थिक वर्ष २०८२/८३ को चैतसम्म मात्रै १ लाख ६६ हजार ३११ जनाले ओपीडी सेवा लिइसकेका छन्।

विभागगत रूपमा मेडिसिन सेवामा सबैभन्दा बढी बिरामी आउने गरेका छन्। चालु आर्थिक वर्षको चैतसम्म मेडिसिन ओपीडीमा ३८ हजार ४६ बिरामीले सेवा लिएका छन्। त्यसपछि अर्थोपेडिकमा २३ हजार ९२३, शल्यक्रियामा १३ हजार ८०७, प्रसूति तथा स्त्रीरोगमा १३ हजार २३७, सामान्य ओपीडीमा १२ हजार १७७ तथा आँखा सेवामा १० हजार ९६१ बिरामीले सेवा लिएका छन्।

आकस्मिक सेवामा पनि बिरामीको संख्या उल्लेख्य रूपमा बढेको छ। आर्थिक वर्ष २०७९/८० मा २१ हजार १७७ जनाले आकस्मिक सेवा लिएकोमा २०८०/८१ मा २४ हजार ३२६ र २०८१/८२ मा २५ हजार ३७९ पुगेको थियो। चालु आर्थिक वर्षको चैतसम्म १८ हजार ७६३ जनाले आकस्मिक सेवा लिइसकेका छन्। त्यस्तै चालु आर्थिक वर्षको चैतसम्म १८ हजार ६०१ जना बिरामी अस्पतालमा भर्ना भएका छन्। सोही अवधिमा ४ हजार २२९ प्रसूति सेवा, १ हजार १९७ सिजेरियन शल्यक्रिया तथा ३ हजार ६१२ वटा ठूला शल्यक्रिया सम्पन्न भएका छन्।

स्वास्थ्य बीमा कार्यक्रमले बिरामीलाई राहत दिएको भए पनि अस्पतालका लागि नयाँ चुनौती थपेको ज्ञवालीले बताइन्। चालु आर्थिक वर्षको चैतसम्म ९६ हजार ३८८ जना बीमित सेवाग्राहीले अस्पतालबाट सेवा लिएका छन्। स्वास्थ्य बीमाका बिरामीको संख्या बढेसँगै दर्ता, कागजात

बाँकी पृष्ठ २

अर्गानिक प्रदेश घोषणामै सीमित

❐ काँक्रेविहार संवाददाता

वीरेन्द्रनगर, २४ जेठ

कर्णाली प्रदेश सरकार गठनलगत्तै मन्त्रिपरिषद्को पहिलो बैठकले प्रदेशलाई 'अर्गानिक प्रदेश' बनाउने महत्त्वाकांक्षी निर्णय गरेको थियो।

कृषिजन्य उत्पादनमा विषादीको प्रयोग घटाउने, प्राङ्गारिक खेती प्रवर्द्धन गर्ने तथा बाहिरबाट आउने विषादीयुक्त तरकारी र फलफूलको आयात निरुत्साहित गर्ने लक्ष्यसहित अघि सारिएको योजना आठ वर्ष बितिसक्दा पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।

प्रदेश सरकारका हरेक वार्षिक नीति तथा कार्यक्रम

प्रदेश मन्त्रिपरिषद्ले हालै 'कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३' स्वीकृत गरेको छ।



र बजेटमा अर्गानिक प्रदेशको अवधारणा समेटिँदै आए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।

आर्थिक वर्ष २०७४/०७५ देखि नै यस योजनाका लागि प्रदेश र संघीय सरकारबाट वार्षिक रूपमा करिब दुई अर्ब रुपैयाँ बराबरको बजेट विनियोजन हुँदै आएको छ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा पनि बाँझो जग्गा उपयोग, प्रविधिमा आधारित खेती, प्राङ्गारिक मल उत्पादन तथा कृषकलाई अनुदान दिने कार्यक्रम समावेश गरिएको छ। अर्गानिक प्रदेश निर्माणका

बाँकी पृष्ठ २

संघ र प्रदेशका सांसदहरूले औपचारीक रूपमै मागे स्वकीय सचिव

❐ काँक्रेविहार संवाददाता

धनगढी, २४ जेठ

संघीय संसद तथा प्रदेश सभाका सांसदहरूले आफ्नो संसदीय कामलाई प्रभावकारी बनाउन व्यक्तिगत सहयोगी (पीए) सहित आवश्यक सहयोगी कर्मचारीको व्यवस्था गर्न माग गरेका छन्।

सुदूरपश्चिम प्रदेशको टीकापुरमा सम्पन्न अन्तर-व्यवस्थापिका मञ्चको ११औं सम्मेलनले जारी गरेको नौबुँदे सन्देशपत्रमा संघीय संसद र प्रदेश सभाका सदस्यहरूका लागि सहयोगी कर्मचारी व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरिएको



हो।

सन्देशपत्रको पाँचौं बुँदामा सांसदहरूको कार्यगत दक्षता अभिवृद्धि, कानुन तर्जुमा प्रक्रियालाई सुदृढ बनाउने तथा संसदीय गतिविधिलाई गुणस्तरीय र प्रभावकारी बनाउन सहयोगी कर्मचारी आवश्यक रहेको उल्लेख गरिएको छ।

सम्मेलनले संघीय संसद तथा प्रदेश सभाका सदस्यहरूलाई संसदीय जिम्मेवारी निर्वाह, अध्ययन-अनुसन्धान, कानुन निर्माण र नीति विश्लेषणका कार्यमा सहयोग पुऱ्याउन आवश्यक जनशक्ति व्यवस्थापन गर्न पहल गर्ने प्रतिबद्धता जनाएको छ।

संसदीय अभ्यासमा विकसित लोकतान्त्रिक मुलुकहरूमा सांसदहरूलाई व्यक्तिगत सहयोगी, अनुसन्धानकर्ता तथा प्रशासनिक सहयोगी उपलब्ध गराइने व्यवस्था रहेकाले नेपालमा पनि त्यस्तो संरचनाको आवश्यकता औंल्याइएको छ।

अन्तर-व्यवस्थापिका मञ्चको सम्मेलनमा संघीय संसद, राष्ट्रिय सभा तथा सातै प्रदेश सभाका सभामुख, उपसभामुख र सचिवहरूको सहभागिता रहेको थियो।

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
सोमवार, २५ जेठ, २०८३
Monday, 8 June 2026

सम्पादकीय

नागरिकलाई आश्वासन होइन, कार्यान्वयन चाहियो

बहसमा सुर्खेत विमानस्थलको नाम नयाँ होइन । प्रदेशको प्रमुख हवाई प्रवेशद्वारका रूपमा रहेको यो विमानस्थल विस्तारको विषय वर्षौंदेखि सरकारका नीति, कार्यक्रम र बजेटमा दोहोरिँदै आएको छ । तर विडम्बना के छ भने, जति धेरै प्रतिबद्धता व्यक्त गरिन्छ, त्यति नै कम प्रगति मैदानमा देखिन्छ । परिणामतः सुर्खेत विमानस्थल विस्तारको योजना विकासको आशाभन्दा पनि अन्योल र असमञ्जसको प्रतीक बन्दै गएको छ । २०७७ सालदेखि संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमले सुर्खेत विमानस्थल विस्तारलाई प्राथमिकतामा राख्दै आएका छन् । धावनमार्ग विस्तार गरी ठूला जहाज सञ्चालन गर्ने, रात्रिकालीन उडान सम्भव बनाउने र कर्णालीलाई राष्ट्रिय हवाई सञ्जालसँग थप प्रभावकारी रूपमा जोड्ने लक्ष्य सार्वजनिक हुँदै आएका छन् । तर लक्ष्य र घोषणाबीचको दूरी अझै घट्न सकेको छैन । वर्षौं बितिसक्दा पनि योजना कागजबाट व्यवहारमा उत्रन सकेको छैन ।

यदि विस्तार गर्ने हो भने सरकारले स्पष्ट योजना, उचित मुआब्जा र वैकल्पिक व्यवस्थासहित प्रक्रिया अघि बढाओस् । यदि विस्तार सम्भव छैन भने नागरिकलाई वर्षौंदेखि त्रासमा राख्ने कार्य अन्त्य गरियोस् । राज्यको दायित्व नागरिकलाई अन्योलमा राख्नु होइन, स्पष्ट दिशा दिनु हो । सुर्खेत विमानस्थल विस्तारको इतिहास पनि कम रोचक छैन । संघीय र प्रदेश सरकारबीच समझदारीपत्रमा हस्ताक्षर भयो, बजेट विनियोजन गरियो, तर कार्यान्वयन अघि बढेन । बजेट फ्रिज भयो, योजना रोकियो । त्यसपछि पनि पटक-पटक बजेट छुट्याइयो, तर स्थानीयसँग पर्याप्त संवाद र सहमति बिना अघि बढाउन खोजिएका प्रयास असफल भए । यसले विकास योजनामा सहभागितामूलक दृष्टिकोणको अभाव देखाउँछ ।

कर्णालीको भूगोल, आवश्यकता र सम्भावनालाई हेर्दा आधुनिक हवाई पूर्वाधार अपरिहार्य छ । यहाँ हवाई सेवा सुविधा मात्र होइन, आवश्यकता हो । तर विकासका नाममा नागरिकको सम्पत्ति, अधिकार र मानसिक अवस्थालाई बेवास्ता गरेर अघि बढ्न सकिँदैन । त्यसैले सरकारले अब ढिलाइ नगरी स्पष्ट निर्णय लिनुपर्छ, सुर्खेत विमानस्थल विस्तार गर्ने कि नयाँ विमानस्थल निर्माण गर्ने । वर्षेनि बजेट र नीति तथा कार्यक्रममा एउटै योजना दोहोऱ्याएर राजनीतिक चर्चा कमाउने समय अब समाप्त भइसकेको छ । नागरिकलाई आश्वासन होइन, कार्यान्वयन चाहिएको छ । सुर्खेत विमानस्थल विस्तारको विषयमा अब निर्णायक कदम चालिएन भने यो योजना कर्णालीको विकासको आधार बन्ने होइन, राज्यको अनिर्णय र गैरजिम्मेवारीको प्रतीकका रूपमा स्थापित हुनेछ ।

संविधान संशोधनको बहस र राजनीतिक सहमतिको औचित्य



श्रीराम श्रेष्ठ

नेपालको संविधान २०७२ केवल कानुनी दस्ताबेज मात्र होइन, दशकौं लामो राजनीतिक सङ्घर्ष, जनआन्दोलन, सशस्त्र द्वन्द्व, मधेस आन्दोलन, समावेशिता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यात्राबाट निर्मित राष्ट्रिय राजनीतिक सहमति पत्र हो । यही कारण संविधान संशोधनको विषय केवल सरकारको प्रशासनिक वा संसदीय एजेन्डामा सीमित रहँदैन, बरु राज्यको राजनीतिक वैधता, ऐतिहासिक सम्झौता, लोकतान्त्रिक विश्वास र जनअपेक्षासँग प्रत्यक्ष जोडिन्छ ।संविधान कार्यान्वयनको एक दशकको अनुभवपछि यसको केही व्यवस्था समयानुकूल परिमार्जन गर्नुपर्ने आवाज सत्ता, प्रतिपक्ष र सडकसम्मबाट उठ्दै आएको थियो । यद्यपि यसका लागि ठोस र संस्थागत पहल हुन सकेको थिएन । यही सन्दर्भमा नवगठित सरकारले १६ चैतको मन्त्रिपरिषद् बैठकमार्फत 'संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदल' गठन गरेपछि संविधान संशोधनबारे राजनीतिक दलहरूबिच औपचारिक अन्तर्क्रिया सुरु भएको छ । कार्यदलले विभिन्न दलहरूसँग सुझाव माग्न थालेको र दलहरूले पनि आफ्नो धारणा प्रस्तुत गर्न थालेकाले अब यो बहस सकारात्मक दिशातर्फ अघि बढ्ने सङ्केत देखिएको छ । नेपालमा संविधान निर्माणको प्रक्रिया विश्वकै जटिल राजनीतिक सङ्क्रमणमध्ये एक मानिन्छ ।

२०६२/०६३ को जनआन्दोलनपछि राजतन्त्रको अन्त्य गर्दै मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको थियो । त्यसपछि निर्वाचित पहिलो संविधानसभाले संविधान निर्माणको जिम्मेवारी पाए पनि सङ्घीयता, शासन प्रणाली, निर्वाचन प्रणाली, न्यायपालिका र पहिचानका विषयमा दलहरूबिच सहमति जुट्न नसक्दा संविधानसभा विघटन भयो ।

अन्ततः दोस्रो संविधानसभाबाट ०७२ मा संविधान जारी भयो, जुन कुनै एक दलको दस्ताबेज नभई नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), मधेस केन्द्रित दल, जनजाति प्रतिनिधि, महिला आन्दोलन, नागरिक समाज र विभिन्न सामाजिक समूहहरूको लामो संवाद, सहमति र सम्झौताबाट बनेको साझा दस्ताबेज थियो । त्यसैले संविधान संशोधनको बहस पनि सहमति, सौहार्दता र साझा स्वामित्वको भावनाबाट अघि बढ्न आवश्यक छ ।

संविधान संशोधनलाई दलगत टकराब वा सत्ता-प्रतिपक्षको प्रतिस्पर्धाको रूपमा होइन, कार्यान्वयनका अनुभवका आधारमा लोकतन्त्रलाई अझ प्रभावकारी, उत्तरदायी र समावेशी बनाउने अवसरका रूपमा हेर्न सकिए मात्र त्यसले अपेक्षित राजनीतिक तथा शासकीय सुधारको मार्ग प्रशस्त गर्न सक्छ । नेपालको संवैधानिक अभ्यास हेर्ने हो भने महत्त्वपूर्ण संवैधानिक परिवर्तनका लागि विश्वसनीय संरचना निर्माण गर्ने परम्परा देखिन्छ । ०४७ सालको संविधान निर्माणका बेला पनि संवैधानिक सुझाव आयोग बनेको थियो । विभिन्न संवैधानिक विवादहरू समाधान गर्न पूर्वप्रधानन्यायाधीश वा वरिष्ठ कानुनविद्को नेतृत्वमा आयोग बनाउने अभ्यास नेपालमा रहिआएको छ ।

यसको कारण के हो भने संविधानमाथिको बहस केवल दलगत स्वार्थले निर्देशित नहोस्, त्यसमा विधिशास्त्रीय गम्भीरता, ऐतिहासिक चेतना र राष्ट्रिय सहमतिको भावना समेत समावेश होस् भन्ने हो । अहिलेको कार्यदलमा यस्ता व्यापक प्रतिनिधित्व र विश्वसनीयताको अभाव देखिएको भन्दै उठेको आलोचनाहरू उत्तिकै विरोधका लागि भनिएका सामान्य राजनीतिक टिप्पणी होइनन् ।

अझ महत्त्वपूर्ण कुरा के छ भने वर्तमान सरकार आफैं ०७२, सालको संविधान स्वीकार गरेर भएको निर्वाचनको परिणामबाट बनेको हो । यदि संविधानलाई पूर्णरूपमा अस्वीकार गर्ने राजनीतिक शक्ति भएको भए परिस्थिति फरक हुन्थ्यो । तर यही संविधानको वैधानिक संरचनाबाट निर्वाचित सरकार हुँदा संशोधनको प्रक्रिया पनि त्यही संविधानको आत्मा अनुरूप समावेशी र सहमतिमूलक हुनुपर्ने अपेक्षा गरिनु स्वाभाविक हो ।

संविधान स्वीकार गरेर शासन सञ्चालन गर्ने अनि संशोधनका नाममा मूल सहमतिधारी शक्तिहरूलाई पाखा लगाउने प्रयास गरियो भने त्यसले राजनीतिक अविश्वास बढाउन सक्छ । राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ राजनीतिक शक्ति भएकाले उसले पुराना दलहरूको कमजोरी, भ्रष्टाचार, प्रशासनिक असक्षमता र जनतामा बढेको निराशालाई आफ्नो राजनीतिक आधार बनाएको देखिन्छ । त्यसमा केही हदसम्म जनसमर्थन पनि प्राप्त भएको छ ।

तर संविधानको प्रश्न केवल पुराना विरुद्ध नयाँको बहस होइन । संविधान राज्यको निरन्तरता र स्थायित्वसँग सम्बन्धित विषय हो । त्यसैले नयाँ राजनीतिक शक्ति भएकै कारण पुराना राजनीतिक सहमतिहरूलाई पूर्णतः अस्वीकार गर्ने प्रवृत्ति लोकतान्त्रिक परिपक्वताको सङ्केत होइन । संविधान निर्माणमा योगदान दिएका दलहरूलाई केवल विगतका पुराना शक्ति भनेर उपेक्षा गर्नु इतिहासको वास्तविकतालाई ठाडै अस्वीकार गर्नु हो ।

संविधान कार्यान्वयनको दस वर्षे अनुभवले निश्चित रूपमा केही कमजोरी देखाएको छ । सङ्घीयता कार्यान्वयनमा अधिकार बाँडफाँडको अस्पष्टता, प्रदेश संरचनाको प्रभावकारिता, राष्ट्रिय सभा र प्रतिनिधिसभाबिचको अधिकार सन्तुलन, संवैधानिक आयोगहरूको राजनीतिकरण, न्यायपालिकाको नियुक्ति प्रणाली, निर्वाचन प्रणालीको खर्चिलो स्वरूप र राजनीतिक अस्थिरता जस्ता प्रश्नहरू उठेका छन् । यी विषयमा बहस हुनु आवश्यक छ । तर यी समस्याको समाधान खोज्ने क्रममा संविधानको मूल मर्म र ऐतिहासिक सहमतिलाई कमजोर बनाउने प्रयास भयो भने त्यसले झन् ठुलो सङ्कट निम्त्याउन सक्छ ।

उदाहरणका लागि सङ्घीयताको प्रश्नलाई हेरौं । संविधान निर्माणका समयमा सङ्घीयता केवल प्रशासनिक पुनर्संरचना थिएन, यो ऐतिहासिक रूपमा बहिष्कृत समुदायहरूको राजनीतिक सहभागिताको बलियो माध्यम थियो । यदि संशोधनका नाममा प्रदेश संरचनालाई कमजोर बनाउने वा अत्यधिक केन्द्रीकरणतर्फ फर्कने प्रयास गरियो भने मधेस, जनजाति र क्षेत्रीय पहिचानका आन्दोलन फेरि चर्किन सक्छन् । त्यसैगरी समावेशी प्रतिनिधित्वको व्यवस्थालाई कमजोर बनाइयो भने संविधानले स्थापित गरेको सामाजिक न्यायको अवधारणामाथि नै प्रश्न उठ्न सक्छ ।संविधान संशोधनका अन्तर्राष्ट्रिय अभ्यासहरू हेर्दा पनि व्यापक सहमतिको महत्त्व स्पष्ट देखिन्छ । दक्षिण अफ्रिकामा रंगभेद अन्त्यपछिको संविधान निर्माणमा नेल्सन मण्डेलाको नेतृत्वले सबै पक्षलाई समेटेर राष्ट्रिय मेलमिलापको आधार तयार गरेको थियो । भारतमा संविधान संशोधनका क्रममा पनि संवेदनशील विषयमा प्रायः सर्वदलीय सहमति खोज्ने परम्परा छ । अमेरिकामा समेत संविधान संशोधन अत्यन्त कठिन बनाइएको छ, ताकि क्षणिक राजनीतिक बहुमतले राज्यको आधारभूत संरचना परिवर्तन गर्न नसकोस् ।

नेपालजस्तो सङ्क्रमणकालीन लोकतन्त्रमा त झन् सहमतिको आवश्यकता अझ बढी हुन्छ । यही कारण संविधान संशोधनको बहसलाई सरकारले राजनीतिक उपलब्धिको परियोजना बनाउन खोज्नु उपयुक्त देखिँदैन । संविधान संशोधन कुनै पार्टीको चुनावी घोषणापत्र कार्यान्वयनको साधन मात्र होइन । यो राष्ट्रिय विश्वासको दस्ताबेज र पुनर्निर्माणको प्रक्रिया हुनुपर्छ ।

अर्गानिक...

लागि प्रदेश सरकारले हालसम्म प्राङ्गारिक कृषि ऐन, प्राङ्गारिक उत्पादन प्रशोधन मापदण्ड, सहभागिता मूलक गुणस्तर निर्धारण निर्देशिका, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका र प्राङ्गारिक कृषि योजना गरी पाँचवटा कानुनी आधार तयार गरिसकेको छ । यद्यपि, विषादी परीक्षण प्रयोगशाला, प्राविधिक जनशक्ति र आवश्यक उपकरणको अभावले प्रदेशभित्र उत्पादित कृषि उपज वास्तवमै अर्गानिक छन् वा छैनन् भन्ने विषयमा स्पष्ट मूल्याङ्कन हुन सकेको छैन । यसैबीच, प्रदेश मन्त्रिपरिषद्ले हालै 'कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३' स्वीकृत गरेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार उक्त नियमावली कार्यान्वयनसँगै अर्गानिक प्रदेश निर्माणको अभियानलाई थप प्रभावकारी बनाउने तयारी गरिएको छ ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि सुर्खेतको हर्रे र सल्यानको कपुरकोटमा विषादी अवशेष परीक्षण सेवा सञ्चालन गर्ने योजना सार्वजनिक गरेको छ ।

कृषि उत्पादनको गुणस्तर सुनिश्चित गर्न र उपभोक्तालाई सुरक्षित खाद्यवस्तु उपलब्ध गराउने उद्देश्यले उक्त सेवा सुरु गर्न लागिएको हो ।

चालु आर्थिक वर्षमै सेवा सञ्चालन गर्ने लक्ष्य रहे पनि जनशक्ति तथा उपकरण अभावका कारण कार्यान्वयन हुन सकेको थिएन ।

आगामी नीति तथा कार्यक्रममा स्थानीय तहसँगको सहकार्यमा 'एक स्थानीय तह, एक कृषि पाठशाला' कार्यक्रम सञ्चालन गरी वातावरणमैत्री तथा प्राङ्गारिक कृषिसम्बन्धी जनचेतना विस्तार गर्ने उल्लेख गरिएको छ । साथै 'सिक्दै कमाउँदै' कार्यक्रममार्फत कृषि क्षेत्रमा सीप विकास र रोजगारी प्रवर्द्धन गरिने जनाइएको छ । त्यसैगरी गुणस्तरीय बिउ उत्पादन क्षेत्र विस्तार, जलवायु सहनशील बिउ प्रवर्द्धन, सामुदायिक बिउ बैंक स्थापना तथा कृषि बजार सुदृढीकरणका कार्यक्रम पनि समेटिएका छन् । सम्भावित जिल्लाहरूमा कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापना गरी गुणस्तरीय बिउ, बिरुवा तथा पशुपन्छी उत्पादन तथा आपूर्ति व्यवस्थापन गरिने नीति लिइएको छ ।

यद्यपि, यस्ता अधिकांश कार्यक्रम विगतका वर्षहरूमा पनि दोहोरिँदै आएका छन् । पर्याप्त संरचना, प्रविधि र प्रभावकारी कार्यान्वयनको अभावमा अर्गानिक प्रदेश बनाउने कर्णाली सरकारको दीर्घकालीन लक्ष्य अझै कागजमै सीमित बनेको देखिन्छ ।

सधैं...

प्रमाणीकरण, स्क्यानिङ तथा क्लेम प्रक्रियाले जनशक्तिमाथि थप दबाब परेको उनको भनाइ छ । अस्पतालले स्वास्थ्य बीमाबाट प्राप्त गर्नुपर्ने करिब ३० करोड रुपैयाँ अझै भुक्तानी हुन बाँकी रहेको जनाएको छ ।

विपन्न नागरिक कार्यक्रमअन्तर्गत २०८२ साउनदेखि २०८३ जेठ २० गतेसम्म ८८० जनाले निःशुल्क उपचार सेवा प्राप्त गरेका छन् जसमा अति गरिब, गरिब, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा महिला स्वास्थ्य स्वयंसेविका समावेश छन् यस कार्यक्रमअन्तर्गत ३६ लाख रुपैयाँभन्दा बढी बराबरको सेवा प्रदान गरिएको अस्पतालले जनाएको छ । सोही अवधिमा ५ हजार २९२ पटक डायलाइसिस सेवा सञ्चालन गरिएको छ । अस्पतालले पछिल्लो समय सेवा सुधारका लागि वेब-आधारित क्यू म्यानेजमेन्ट प्रणाली, क्यूआरमार्फत गुनासो व्यवस्थापन, ज्येष्ठ नागरिक तथा बालबालिकाका लागि छुट्टै बिलिङ काउन्टर, २४ घण्टा क्यान्टिन सेवा, विद्युतीय हाजिरी प्रणाली, हेलिप्याड सञ्चालन तथा सफ्ट स्किल व्यवस्थापन तालिम सञ्चालन गरेको जनाएको छ। नयाँ ओपीडी भवन, बिरामी कुरुवा घर, कृत्रिम हातखुट्टा निर्माण केन्द्र तथा विद्युतीय मेडिकल रेकर्ड (ईएमआर) प्रणाली सञ्चालनको तयारी पनि भइरहेको छ । कार्यक्रममा नर्सिङ प्रमुख शकुन्तला सापकोटाले अस्पतालले न्यूनतम सेवा मापदण्ड (एमएसएस) मूल्यांकनमा उल्लेखनीय सुधार गरेको जानकारी दिइन् । उनका अनुसार पहिलो मूल्यांकनमा ४५ प्रतिशत अंक प्राप्त गरेको अस्पतालले पछिल्लो मूल्यांकनमा ८८ प्रतिशत अंक हासिल गरेको छ । सुशासन, क्लिनिकल व्यवस्थापन तथा सहयोगी सेवामा सुधारका कारण यो उपलब्धि हासिल भएको उनले बताइन् । अस्पतालका निर्देशक मेडिकल सुपरिटेन्डेन्ट डा. गणेश थापाले प्रदेश सरकारसँग पटक-पटक जनशक्ति व्यवस्थापनको माग गरिए पनि समस्या समाधान हुन नसकेको बताए । 'न अस्पताललाई आफैं स्थायी पदपूर्ति गर्ने अधिकार दिइएको छ, न सरकारले आवश्यक पदपूर्ति गरिदिएको छ । यस्तो अवस्थामा सेवा विस्तार कसरी गर्ने भन्ने प्रश्न हाम्रो सामु छ,' उनले भने । उनले ५०० शैयाको संरचना पूर्ण रूपमा सञ्चालन गर्न तत्काल रिक्त दरबन्दी पूर्ति, विशेषज्ञ चिकित्सक व्यवस्थापन, स्वास्थ्य बीमाको बक्यौता रकम भुक्तानी तथा आवश्यक बजेट सुनिश्चित गर्न प्रदेश र संघीय सरकारको विशेष पहल आवश्यक रहेको बताए ।

हिल्सा नाका खुलेसँगै पर्यटक बढे



काँक्रेविहार संवाददाता
हुम्ला, २४ जेठ

हुम्ला हुँदै कैलाश-मानसरोवर दर्शन गर्न जाने भारतीय तथा अन्य विदेशी पर्यटकको आगमन उल्लेख्य रूपमा बढेको छ।

हिल्सा नाका सञ्चालनमा आएपछि धार्मिक पर्यटकको सङ्ख्या बढ्दै गएको हो। प्रमुख जिल्ला अधिकारी टेकराज रेग्मीका अनुसार वैशाखको पहिलो सातादेखि हिल्सा नाका सञ्चालनमा आए पनि वैशाख ३० गतेदेखि विदेशी पर्यटक हुम्ला आउन थालेका हुन्।

वैशाखमा सुनसान देखिएको सिमकोट विमानस्थलमा जेठको पहिलो सातादेखि पर्यटकको चहलपहल बढेको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार वैशाख ३० गतेदेखि जेठ २३ गतेसम्म नेपालगन्ज हुँदै हुम्ला पुगेका भारतीय तथा अन्य देशका दुई हजार सात सय ४७ पर्यटक कैलाश-मानसरोवर यात्रामा निस्किएका छन्।

वैशाख महिनामा एक सय १४ जना पर्यटक भित्रिएका थिए भने जेठ महिनामा मात्रै दुई हजार छ सय ३२ पर्यटक हुम्ला पुगेका छन्। तीमध्ये एक हजार दुई सय ९२ महिला र एक हजार तिन सय ४० पुरुष रहेका छन्।

हुम्लाको बाटो छोटो र सहज भएकाले पछिल्ला वर्षहरूमा भारतीय पर्यटकले यो मार्ग रोज्न थालेका छन्। चीनले हिल्सा नाका भारतीय पर्यटकका लागि खुला गरेपछि यात्रुको सङ्ख्या झन् बढेको विमानस्थल स्रोतले जनाएको छ। कोरोना महामारीपछि कैलाश-मानसरोवर यात्रामा देखिएको यो सबैभन्दा ठूलो पर्यटक आगमन मानिएको छ। पर्यटकको चाप बढेसँगै नेपालगन्ज-सिमकोट हवाई सेवा पनि व्यस्त बनेको छ।

मौसम अनुकूल हुँदा दैनिक पाँचदेखि १० वटासम्म उडान सञ्चालन भइरहेको छ। सिमकोटबाट हिल्सासम्म विभिन्न हेलिकोप्टर कम्पनीले समेत सेवा प्रदान गरिरहेका छन्।

धार्मिक पर्यटकको बढ्दो आगमनले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। सिमकोट र हिल्साका होटल भरिभराउ भएका छन् भने यातायात, होटल तथा अन्य सेवा क्षेत्रमा स्थानीयले रोजगारीका अवसर पाएका छन्।

हुम्ला उद्योग वाणिज्य सङ्घका अनुसार पर्यटक आगमनले व्यवसायी मात्र नभई स्थानीय समुदायसमेत प्रत्यक्ष लाभान्वित भएका छन्। सिमकोट र नाम्खा गाउँपालिकाले विदेशी पर्यटकबाट शुल्क संकलन गर्दै आएका छन्।

भारतीय पर्यटकबाट प्रतिव्यक्ति एक हजार रुपैयाँ शुल्क लिने व्यवस्था रहेको छ। नाका सञ्चालन नियमित रहेमा आगामी दिनमा कैलाश-मानसरोवर जाने पर्यटकको संख्या अझै बढ्ने अपेक्षा गरिएको छ।

वन अतिक्रमण बढ्दो

काँक्रेविहार संवाददाता
जाजरकोट, २४ जेठ

सदरमुकाम खलङ्गासहित जिल्लाका सातवटै स्थानीय तहका वनक्षेत्रमा सर्वसाधारणले घरटहरा निर्माण गरी बसोबास गर्दा एक हजार पाँच सय हेक्टरभन्दा बढी वनक्षेत्र अतिक्रमणमा परेको छ।

खलङ्गा आसपासका सार्वजनिक वन तथा जिल्ला सरकारी वकिल कार्यालय र जाजरकोट अदालतको नाममा रहेका वनक्षेत्र फँडानी गरेर केही वर्षयता सर्वसाधारणले घरटहरा निर्माण गरी बसोबास गर्दै आएका छन्। सरोकारवाला निकाय तथा डिभिजन वन कार्यालयले पटक-पटक अतिक्रमित जमिन खाली गर्न निर्देशन दिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।चार वर्षअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत यस विषयमा अनुसन्धान गरी गृह मन्त्रालयलाई पत्राचार गरेको थियो। तर प्रभावकारी अनुगमन र नियन्त्रणको अभावमा



सुकुमवासीबाहेक अन्य व्यक्तिहरूले पनि सरकारी जग्गा ओगट्ने क्रम बढेको देखिन्छ। डिभिजन वन कार्यालयले आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्कका आधारमा अतिक्रमित क्षेत्रको विवरण सार्वजनिक गरेको थियो। त्यसयता अतिक्रमणको अवस्थाबारे अद्यावधिक अध्ययन भने गरिएको छैन।डिभिजन वन कार्यालय जाजरकोटका प्रमुख दिपेश केसीका अनुसार भेरी नगरपालिकामा एक हजार १८ हेक्टर, छेडागाड नगरपालिकामा २८ हेक्टर, नलगाड नगरपालिकामा एक सय ३२ हेक्टर, शिवालय गाउँपालिकामा एक सय ५१ हेक्टर, जुनीचाँदे र बारेकोट गाउँपालिकामा एक सय पाँच हेक्टर तथा कुसे गाउँपालिकामा १३ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको अभिलेख छ।

स्थानीयवासीका अनुसार विगतमा अतिक्रमण बढ्दै जाँदा सम्बन्धित निकायहरू प्रभावकारी रूपमा सक्रिय हुन सकेनन्। सरकारी जग्गा फिर्ता लिने विषयमा बहस उठे पनि राजनीतिक संरक्षणका कारण अभियानले अपेक्षित सफलता पाउन सकेको थिएन।

सार्वजनिक जग्गा तथा वनजङ्गल फँडानी गरी घरटहरा निर्माण भइरहँदा सरकारी वनक्षेत्र साँघुरिँदै गएको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्। उनीहरूका अनुसार गरिब, दलित र विपन्न समुदायभन्दा आर्थिक रूपमा सम्पन्न व्यक्तिहरूले नै बढी मात्रामा सार्वजनिक जग्गा अतिक्रमण गरी किनबेचसमेत गर्ने गरेका छन्।

स्थानीय सरकार र डिभिजन वन कार्यालयलाई पटक-पटक जानकारी गराइए पनि प्रभावकारी कारबाही प्रक्रिया अघि बढ्न नसकेको भन्दै स्थानीयवासीले असन्तुष्टि व्यक्त गरेका छन्।

आत्महत्या, दुर्घटना र लागूऔषधबारे सचेतना



काँक्रेविहार संवाददाता
सल्यान, २४ जेठ

दार्मा गाउँपालिका तिन फारुलाचौरस्थित श्री जनज्योति माध्यमिक विद्यालयमा आत्महत्या रोकथाम, सवारी दुर्घटना न्यूनीकरण तथा लागूऔषध नियन्त्रणसम्बन्धी विद्यालयस्तरीय जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत इलाका प्रहरी कार्यालय दार्माको आयोजनामा तथा दार्मा गाउँपालिकाको सहयोगमा शुक्रबार कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रममा विद्यार्थी, शिक्षक तथा सरोकारवाला सहभागीहरूलाई आत्महत्याका कारण, त्यसको रोकथामका उपाय, मानसिक स्वास्थ्यको महत्व, सुरक्षित सवारी सञ्चालनका नियम तथा लागूऔषध दुर्व्यसनका नकारात्मक प्रभावबारे विस्तृत जानकारी दिइएको थियो।

कार्यक्रममा आत्महत्या जस्तो संवेदनशील विषयमा खुलेर छलफल गर्न, मानसिक तनाव वा समस्यामा परेका व्यक्तिहरूलाई समयमै सहयोग गर्न तथा आवश्यक परामर्श लिन सहभागीहरूलाई प्रेरित गरिएको थियो।

मानसिक स्वास्थ्यलाई उपेक्षा नगरी समयमै सहयोग लिन सके यस्ता जोखिम न्यूनीकरण गर्न सकिने बताइएको थियो। त्यसैगरी सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियमको कडाइका साथ पालना गर्न, सवारी चलाउँदा हेल्मेट र सिटबेल्टको अनिवार्य प्रयोग गर्न तथा लापरवाहीपूर्ण र तीव्र गतिमा सवारी सञ्चालन नगर्न आग्रह गरिएको थियो।

सडक सुरक्षा सम्बन्धी सचेतनाले दुर्घटनाको जोखिम घटाउन महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरिएको थियो। लागूऔषध दुर्व्यसनले व्यक्ति, परिवार र समाजमा पार्ने गम्भीर असरबारे समेत सहभागीहरूलाई सचेत गराइएको थियो।

युवापुस्तालाई कुलत र दुर्व्यसनबाट टाढा रहन तथा सकारात्मक क्रियाकलापमा संलग्न हुन आग्रह गरिएको थियो।

कार्यक्रममा प्रहरीले समुदाय, विद्यालय, स्थानीय तह र सामाजिक संस्थाबीचको सहकार्यबाट मात्र सुरक्षित, सभ्य र लागू औषधमुक्त समाज निर्माण सम्भव हुने बताएको छ। यस्ता जनचेतनामूलक कार्यक्रमले विद्यार्थीमा सकारात्मक सोच विकास गर्न तथा जोखिमपूर्ण व्यवहार न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। प्रहरीले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

सानीभेरीका ४२ विद्यालयसँग कार्यसम्पादन सम्झौता



काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, २४ जेठ

सानीभेरी गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँपालिका भित्रका ४२ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरेको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरवीर खड्काका अनुसार सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नियमित बैठकबाट भएको निर्णय अनुसार शैक्षिक सत्र २०८३ को प्रभावकारी सञ्चालन, व्यवस्थापन र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि ४७ बुँदे कार्यसम्पादन सम्झौता गरिएको हो।

शिक्षा शाखा प्रमुख भूपालसिं बिष्ट र सम्बन्धित विद्यालयका प्रधानाध्यापकबीच सम्झौता सम्पन्न भएको छ। सम्झौतामा विद्यालय व्यवस्थापन, शिक्षण सिकाइ सुधार, विद्यार्थी भर्ना अभियान, पाठ्यपुस्तक वितरण, विद्यालय सुधार योजना निर्माण, शिक्षक कार्यसम्पादन मूल्याङ्कन, कक्षा अवलोकन, अभिभावकसँग नियमित अन्तरक्रिया, सामाजिक परीक्षण तथा वित्तीय सुशासनलगायतका ४७ वटा सूचक समावेश गरिएका छन्

त्यसैगरी विद्यालयले सिकाइ उपलब्धि सुधार, विद्यार्थीको नियमित उपस्थिति सुनिश्चित गर्ने, विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने दर घटाउने, सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने, विद्युतीय हाजिरी कार्यान्वयन गर्ने तथा हरित र बालमैत्री विद्यालय अवधारणालाई प्रभावकारी रूपमा लागू गर्नुपर्ने व्यवस्था गरिएको छ।

विद्यालय सुशासनलाई समेत विशेष प्राथमिकतामा राखिएको गाउँपालिकाले जनाएको छ। प्रधानाध्यापकहरूबीच विद्यालयमा भएका नवप्रवर्तन र असल अभ्यासको आदानप्रदान, शैक्षिक सुधारका चुनौती तथा समाधानका उपायबारे समेत छलफल गरिएको थियो।

गाउँपालिकाले कार्यसम्पादन सम्झौताको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त नतिजाका आधारमा विद्यालयलाई प्रोत्साहन, पुरस्कार तथा विभिन्न सेवा-सुविधा उपलब्ध गराउने जनाएको छ।

गाउँपालिका अध्यक्ष बिर्खबहादुर विष्टले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गाउँपालिकाको प्रमुख प्राथमिकता रहेको बताउँदै कार्यसम्पादन सम्झौतामा उल्लेखित सबै सूचक प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरे।

उनले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, अनुशासित विद्यालय व्यवस्थापन तथा समुदायको सक्रिय सहभागितामार्फत सानीभेरीको शिक्षा क्षेत्रलाई नमूना बनाउने लक्ष्य रहेको उल्लेख गरे।

गाउँपालिकाले गत वर्ष पनि विद्यालयका प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरी विभिन्न शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गरेको थियो।

यस वर्षको सम्झौताले विद्यालयको उत्तरदायित्व बढाउँदै शिक्षाको गुणस्तर सुधारमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

सोमवार, २५ जेठ, २०८३
Monday, 8 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

बाल सुधारगृहका एक सय ३७ बालकलाई कानुनी परामर्श

❐ **काँक्रेविहार संवाददाता**
नेपालगञ्ज, २४ जेठ



बाँकेको बैजनाथ गाउँपालिका तिन स्थित नौबस्ता बाल सुधारगृहमा रहेका कानुनी विवादमा परेका बालकहरूलाई कानुनी परामर्श प्रदान गरिएको छ।

एडभोकेसी फोरम नेपाल र नेपालगन्ज उच्च अदालत बार एसोसिएसनका पदाधिकारीहरूको संयुक्त टोलीले सुधारगृहको स्थलगत अनुगमन गर्दै बालकहरूलाई कानुनी जानकारी तथा परामर्श दिएको हो।

एडभोकेसी फोरम नेपालका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता वसन्त गौतमका अनुसार संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको भावना अनुरूप बालकहरूको संरक्षण, सुधार, पुनःस्थापना र समाजमा पुनर्मिलनलाई लक्षित गर्दै अनुगमन गरिएको हो। अनुगमन टोलीले सुधारगृहको व्यवस्थापन, सेवा प्रवाह, बाल न्याय प्रणालीको कार्यान्वयन तथा बालबालिकाको मानव अधिकार र न्यायिक पहुँचको अवस्थाबारे जानकारी लिएको थियो। साथै, मुद्दाको अवस्थाबारे अन्योलमा रहेका तथा कानुनी प्रक्रियासम्बन्धी जिज्ञासा भएका बालकहरूलाई प्रत्यक्ष परामर्श प्रदान गरिएको थियो। सुधार गृह प्रशासनका अनुसार हाल नौबस्ता बाल सुधारगृहमा एक सय ३७ जना बालक आश्रित छन्। तीमध्ये एक सय ३२ जनाको मुद्दा फैसला भइसकेको छ भने पाँच जना पुर्पक्षको चरणमा रहेका छन्। सबैभन्दा धेरै जबरजस्ती करणी सम्बन्धी मुद्दाका ८५ जना बालक रहेका छन्। कर्तव्य ज्यान, लागूऔषध, डाँका चोरी, चोरी तथा अन्य गम्भीर प्रकृतिका मुद्दामा संलग्न बालकहरू पनि सुधारगृहमा रहका छन्। अनुगमनका क्रममा अधिकांश बालकहरूले आफ्नो मुद्दाको प्रगति, अदालती प्रक्रिया, सजाय छुट, फैसला कार्यान्वयन तथा पुनरावेदन प्रक्रियाबारे पर्याप्त जानकारी नपाएको गुनासो गरेका थिए।

'अब दुवै देशबाट उच्चस्तरीय भ्रमण हुनेछन्'



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २४ जेठ

परराष्ट्रमन्त्री शिशिर खनाल दुई दिने भारत भ्रमणबाट फर्किएका छन्। उनले दुई वर्षदेखि द्वीपक्षीय भ्रमणहरू रोकिएकोमा अब त्यो खुलेको बताए।

त्रिभुवन विमानस्थलमा पत्रकारसँग कुरा गर्दै मन्त्री खनालले द्वीपक्षीय उच्चस्तरीय भ्रमणहरू खुलेको बताएका हुन्। अबका केही महिनामा दुवै देशका तर्फबाट उच्चस्तरीय भ्रमण हुनसक्ने उनले संकेत गरे। खनालले भने, 'दुई देशबीच औपचारिक उच्चस्तरीय भ्रमणहरू नभएको झण्डै दुई वर्ष भइसकेको थियो। मेरो भ्रमणमार्फत उच्चस्तरीय औपचारिक भ्रमणको सुरुवात भएको छ। अबका केही महिनाहरूमा यताबाट पनि उताबाट पनि उच्चस्तरीय भ्रमणहरूको अपेक्षा राख्न सक्छौं।'

'सलल कर्णाली' सार्वजनिक

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २४ जेठ

गायक प्रमोद खरेलको स्वर रहेको नयाँ गीत 'सलल कर्णाली' को म्युजिक भिडियो सार्वजनिक गरिएको छ। कर्णाली प्रदेशको प्राकृतिक सौन्दर्य, संस्कृति र जीवनशैलीलाई समेटेर तयार गरिएको गीतले श्रोतामाझ विशेष आकर्षण बटुल्ने अपेक्षा गरिएको छ।

लामो समयदेखि नेपाली सांगीतिक क्षेत्रमा सक्रिय प्रमोद खरेलले 'सलल कर्णाली' मार्फत कर्णालीको मौलिक पहिचानलाई संगीतका माध्यमबाट प्रस्तुत गरेका छन्। गीतमा कर्णालीका रमणीय दृश्य, स्थानीय संस्कृति तथा जनजीवनलाई जीवन्त रूपमा चित्रण गरिएको छ।

गीत तथा म्युजिक भिडियो निर्माणमा गाउँबेसी लजिस्टिक्सले सहयोग गरेको छ भने गायक प्रमोद खरेल हाल गाउँबेसी लजिस्टिक्सका ब्रान्ड एम्बेसडर समेत रहेका छन्।

गीत सार्वजनिक कार्यक्रममा बोल्दै प्रमोद खरेलले नेपाली मौलिकता र सभ्यतालाई उजागर गर्ने उद्देश्यले कर्णाली पुगेर गीत तथा भिडियो निर्माण गरिएको बताए। उनले कर्णालीको सुन्दरता, त्यहाँको संस्कृति र जनजीवनलाई गीतमार्फत देश-विदेशका दर्शकमाझ पुऱ्याउने प्रयास गरिएको उल्लेख गरे।

जनहितमा जारी सन्देश

- प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेतले प्रदेश सरकार अन्तर्गतका निकायहरूको बजेट निकासा, लेखा व्यवस्थापन, वित्तीय प्रतिवेदन तथा भुक्तानीसम्बन्धी कार्यहरू नियमित रूपमा सञ्चालन गरिरहेको जानकारी गराइन्छ।
- कार्यालयबाट प्रदान गरिने सेवाहरू सहज, पारदर्शी र प्रभावकारी बनाउन विद्युतीय प्रणालीमार्फत कार्य सम्पादनलाई प्राथमिकता दिइएको छ। बजेट खर्च, भुक्तानी प्रक्रिया तथा वित्तीय कारोबारसम्बन्धी आवश्यक कागजातहरू समयमै पेश गरी सेवा लिन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।
- साथै, सार्वजनिक वित्तीय सुशासन, पारदर्शिता तथा जवाफदेहितालाई थप सुदृढ बनाउन कार्यालय प्रतिबद्ध रहेको जानकारी गराइन्छ।

प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय
सुर्खेत

जनहितमा जारी सन्देश

- वीरेन्द्रनगर नगरपालिका स्वास्थ्य शाखाले सम्पूर्ण नगरवासीहरूलाई स्वस्थ जीवनशैली अपनाउन, नियमित स्वास्थ्य परीक्षण गर्न तथा सरसफाइमा विशेष ध्यान दिन अनुरोध गर्दछ।
- मौसमी रोग, डेंगु, झाडापखाला, श्वासप्रश्वाससम्बन्धी संक्रमण तथा अन्य संक्रामक रोगबाट बच्न घर-आँगन सफा राख्ने, लामखुट्टेको बासस्थान नष्ट गर्ने, सुरक्षित खानेपानी प्रयोग गर्ने र व्यक्तिगत सरसफाइ कायम राख्न आग्रह गरिन्छ।
- गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूले समयमै स्वास्थ्य सेवा लिनुका साथै नियमित स्वास्थ्य जाँच गराउनुपर्नेमा स्वास्थ्य शाखाले जोड दिएको छ। कुनै पनि स्वास्थ्य समस्या देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी आवश्यक परामर्श तथा उपचार सेवा लिन अनुरोध गरिन्छ।
- स्वस्थ नागरिक, समृद्ध समाज निर्माणका लागि सबैको सहभागिता आवश्यक छ।

स्वास्थ्य शाखा
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)